# बार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम

कालिमाटी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रामपुर, सल्यान
कर्णाली प्रदेश, नेपाल

# कालिमाटी गाउँपालिका

## सल्यान

## प्रतिवेदन

## २०८१।०८२

# कालिमाटी गाउँपालिका सल्यानको आ.व. २०८१/०८२ को बार्षिक सार्वजनिक सुनुवाईको प्रतिवेदन,

## १. परिचय:

विकेन्द्रिकरणको अवधारणा अनुसार विकासका प्रयासहरुलाई स्थानीय स्तरबाट नै सुरु गर्न सरकारले विभिन्न नीति नियमहरु लागु गर्दै आएको छ । तिनै ऐन नीति नियम तथा कार्यक्रमहरुले स्थानीय तहको सञ्चालन तथा व्यवस्थापन कार्यलाई सुदृढीकरण गर्दै अगाडि बढाई रहेका छन् । कुनैपनि कार्यालयको कामलाई सुशासन, पारदर्शिता, जवाफदेहीता, जनसहभागिता र विधिको शासन स्थापनाको लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने चलन रहेको छ । नागरिकको आवाज तथा गुनासोहरुको प्रत्यक्ष रुपमा सम्बन्धित संघ संस्था तथा कार्यालायका प्रतिनिधिहरुले जवाफ दिने कार्यक्रमलाई सार्वजनिक सुनुवाई भनिन्छ । यो कार्यक्रम नागरिक प्रतिको जवाफदेहीता, उत्तरदायित्व र विकास सँग सम्बन्धित रहन्छ ।

कालिमाटी गाउँपालिका सल्यानबाट प्रवाह भइरहेको सेवा, विकास निर्माण, बजेट, भौत्तिक पूर्वाधार निर्माण, समाजिक विकास, शिक्षा, स्वास्थ्य, सरसफाइ लगायतका विविध विषयमा नागरिकलाई सुशासनको प्रत्याभूति दिनु र आम जनमानसमा स्थानीय सरकारलाई सफल एवम् सबल रुपमा स्थापित गर्नको लागि सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ । आर्थिक वर्ष २०८१।०८२को सार्वजनिक सुनुवाई कार्यक्रम ओलीबा मिडिया एण्ड डिजिटल प्रा.लि.सल्यानको सहजिकरणमा मिति २०८२ असार १६,१७ र १८ गते सम्पन्न भएको हो । सार्वजनिक सुनुवाई कार्यक्रमको विवरण यस प्रतिवेदनमा समावेश गरिएको छ ।

## २. पृष्ठभुमी :

कालिमाटी गाउँपालिका सल्यान कर्णाली प्रदेश अर्न्तगत सल्यान जिल्लाको पश्चिम क्षेत्रमा पर्ने गाउँपालिका हो । यस गाउँपालिकालाई सुशासन मैत्री बनाउन तथा यस पालिकाबाट प्रबाह गरिने सेवा सुविधा लाई थप बैद्य र पारदर्शी रुपमा संचालन भैरहेका छन् की छैन तथा अझ थप राम्रो सजिलो र सबै नागरिकको पहुँचमा सजिलै पुऱ्याउने उदेश्यले यस गाउँपालिकाले सार्वजनिक सुनुवाई संचालन गरेको छ ।

सार्वजनिक सुनुवाई कार्यक्रम गाउँपालिका भित्रका नागरिक, राजनितिक दलका प्रतिनिधि, कर्मचारि तथा जनप्रतिनिधीहरु बिच आमने सामने सार्वजनिक चासोका सवाल तथा समस्याका बिषयमा केन्द्रित रहेको थियो । नागरिले राखेका गुनासा तथा सवालको बिषयमा जवाफदेही वक्ताहरुवाट त्यसको जवाफ दिनुका साथै सामाधानका उपायाहरु बारे गाउँपालिकाले प्रतिवद्धता जनाएको थियो ।

## ३. बार्षिक सार्वजनिक सुनुवाईको औचित्य:

कालिमाटी गाउँपालिकामा आ.व. २०८१।०८२ को हालसम्मको अवधिमा सञ्चालन भएका विकास निर्माण कार्यहरु तथा स्थानीय बासिन्दाहरुका लागि पुऱ्याएको सेवा

सुविधाहरुको विषयमा सेवग्राहीहरुको प्रतिक्रिया तथा गुणासाहरुका साथै आगामी दिनहरुमा सुधार गर्नका लागि चाल्नु पर्ने कदमहरु बारेमा जानकारी लिने महत्वपूर्ण कार्यका लागि सार्वजनिक सुनुवाई कार्यले सघाउँ पुऱ्याउँछ ।

कानुनी शासन सामाजिक उत्तरदायित्व तथा सार्वजनिक जवाफदेहिताको कार्य जिम्मेवारी निभाउन यस कार्यले सघाउ पुऱ्याउनेछ । यसको साथै केही वर्षयता स्थानिय तहहरुको कार्यसम्पादनमा आधारित अनुदान वितरण पद्धती लागु गरेको र गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यलाई सुचनाको हक दिलाउने एउटा औजारको रुपमा राखिएकोले पनि यसको अपरिहार्यतालाई प्रष्ट पार्दछ ।

## ४.बार्षिक सार्वजनिक सुनवाई कार्यक्रमको उद्देश्य :

यस कार्यक्रमको मुख्य उद्देश्य कालिमाटी गाउँपालिकाबाट आव २०८१/०८२ को मा गाउँपालिकाभित्रका बासिन्दाहरुलाई पुऱ्याएको सेवा सुविधा तथा सम्पादन गरिएका कार्यहरुको विषयमा जनताहरुको प्रतिक्रिया तथा गुणासाहरुलाई व्यवस्थापन गर्नु हो । यस कार्यक्रमका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका थिए ।

१. जनगुणासाहरु सुन्नु ।
२. जनताको समस्यामा छलफल गर्नु ।
३. पालिकामा भए गरेका कामहरुको मूल्यांकन गर्नु ।
४. आगामी दिनहरुमा पालिकाले सुधार गर्नुपर्ने क्षेत्रहरुको पहिचान र सुझाव प्राप्त गर्नु ।
५. सेवा प्रवाहको मापन गर्नु ।
६. गुनासाहरु सुनुवाई तथा सम्वोधनका लागि सामुहिक छलफल गर्नु ।
७. गुणस्तर मापन गर्नु ।
८. सेवा ग्राहि र सेवा प्रदायक विच आमने सामने छलफल गर्नु ।

## ५. कार्यक्रमबाट भएका उपलब्धिहरु:

यस कालिमाटी गाउँपालिकालाई दीगो विकास, सुशासन प्रवर्द्धन वा सुशासन मैत्री गाउँपालिका निर्माण गर्न यस सार्वजनिक सुनुवाई एउटा मह्त्वपुर्ण उपलव्धीको रुपमा रहेको छ । जसका उपलब्धिहरुलाई निम्नानुसार उल्लेख गरिएको छ ।

(क) गाउँपालिका र नागरिकहरु बीचको सम्बन्ध अझ राम्रो हुनेछ ।
(ख) आयोजना सञ्चालन र सेवा प्रवाह गर्दा देखिएका राम्रा र नराम्रा दुवै पक्षको कार्य मूल्यांकन हुनेछ ।
(ग) स्थानिय तहका नागरिक र कर्मचारि बिचमा एकै ठाउमा रहेर समस्या पहिचान गर्न सजिलो ।
(घ) नागरिक बाट आयका गुनासाहरु लाई ब्यवस्थापन गर्न प्रतिवद्धता ।

## ६.बार्षिक सार्वजनिक सुनवाई कार्यकमको विवरण:

(क) सार्वजनिक सुनुवाई कार्यक्रम आयोजक : कालिमाटी गाउँपालिका,सल्यान

(ख) सार्वजनिक सुनुवाई संयोजन गर्ने संस्था : ओलीबा मिडिया एण्ड डिजिटल प्रा.लि सल्यान ।

(ग) सार्वजनिक सुनुवाई कार्यक्रम भएको मिति : २०८२ असार १६,१७ र १८ गते

(घ) सार्वजनिक सुनुवाई कार्यक्रम भएको स्थान : कालिमाटी गाउँपालिका वडा नं.१,२,३ र पालिका सभाहल ।

(ङ) सार्वजनिक सुनुवाई कार्यक्रम भएको समय : दिनको दिउसो १२ बजे देखि ३ बजे सम्म ।

(च) कार्यक्रम सञ्चालन गरिएको समयावधि : ३ घन्टा

(छ) कार्यक्रममा सहभागि संख्या : ३५० जना

(ज) कार्यक्रमको अध्यक्षता : कालिमाटी गाउँपालिका अध्यक्ष श्री दान बहादुर केसी

(झ) वहिर्गमन अभिमत सर्वेक्षणको सहभागी संख्या : २०० जना

(ञ) बहिर्गमन अभिमतको प्रतिवेदन तथा कार्यक्रमको औचित्य प्रकाश पार्ने : सिबा डाँगी, सदस्य, पत्रकार महासंघ कर्णाली प्रदेश ।

(ट) सहजकर्ता: सन्तोष घर्ती, कार्यकारी प्रमुख, रेडियो कपुरकोट सल्यान ।

## ७. समन्वयात्मक बैठक :

सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा कालिमाटी गाउँपालिका अध्यक्ष श्री दान बहादुर केसीज्यूको अध्यक्षतामा समन्वय बैठक बसेको थियो । मिति २०८२ असार १२ गते समन्वयात्मक छलफल पस्चात् सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने सहमति भएको थियो । बैठक पछि कार्यक्रम सञ्चालन गर्ने मिति तय भएपछि कार्यक्रमको आवश्यक तयारी गरिएको थियो ।

## ८. बार्षिक सार्वजनिक सुनुवाईमा छलफल गरिएका विषयवस्तुहरु :

शिक्षा, स्वास्थ्य, सरसफाइ, खानेपानी, सूचना, रोजगार, कृषि क्षेत्र, गाउँपालिकाको भौत्तिक पूर्वाधार तथा विकास निर्माण, भुमी व्यवस्था, लघु उद्यम, न्यायीक विषय, आय व्यय ।

## ९.बार्षिक सार्वजनिक सुनवाई कार्यकममा भएको उपस्थिति:

कार्यक्रममा गाउँपालिकाबाट सम्पादन गरिएका विकास निर्माण कार्य र गाउँपालिकाले पुर्‍याएको सेवा सुविधाका बारेमा सार्वजनिक सुनुवाई गरिएको थियो । गाउँपालिकाका सम्पूर्ण बस्तीहरु, टोल विकास संस्थाका प्रतिनिधि, राजनितिक दलका प्रतिनिधि, उपभोक्ता समिति ,सामुदायिक विकास संस्था, विद्यालयहरु, सहकारीहरु, आमा समुहहरु, सामुदायिक वन उपभोक्ता समितिहरु, महिला समुहहरु, दलित, अपांगता भएका, जेष्ठ नागरिक, व्यावसायिहरु, शिक्षक, बुद्धिजिवीहरु तथा गाउँपालिकाका विषयगत शाखा,

इकाइ र मातहतका कार्यालयहरुलाई आमन्त्रण गरिएको थियो । सो मध्येका सबै प्रतिनिधी गरी करिब ३५० जनाको उपस्थिती भएको थियो । यसको विवरण पनि यस प्रतिवेदनमा राखिएको छ ।

**१०. कार्यक्रमबारे प्रचारप्रशार र सार्वजनिक सुनुवाईको रेकर्ड:**

कालिमाटी गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रमका लागि सबै नागरिकहरुलाई उपस्थित हुन अनुरोध गर्दै कार्यालयले सार्वजनिक सुचना प्रकाशन संगै आवश्यक सूचना सम्प्रेशन गरेको थियो । दुई वटा एफएम रेडियोबाट समेत अडियो जिंगल उत्पादन तथा प्रशारण भएको थियो भने अटो रिकसाको प्रयोग गरी माइकिंग पनि गरिएको थियो । यसका साथै विभिन्न सामाजिक सञ्जालबाट पनि सामग्री तयार गरी प्रचार प्रसार गरिएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रमको श्रव्य, दृश्य सामग्री छायांकन, रेकर्ड गरी एफएम रेडियोबाट प्रत्यक्ष प्रशरण संगै भिडियो सामग्री युट्युव तथा सामाजिक सञ्चालमा समेत राखिएको छ ।

**११. शाखागत प्रगति प्रस्तुती :**

कालिमाटी गाउँपालिका सल्यानको सार्वजनिक सुनुवाई कार्यक्रममा पालिकाको शाखागत रुपमा शाखा प्रमुखहरुले प्रगति विबरण तथा जानकारी गराउनु भएको थियो ।

**१२. प्रश्न तथा गुनासा:**

सहभागीहरुले पालैपालो ७५ जना भन्दा बढीले प्रश्न तथा गुनासोहरु राख्नु भएको थियो ।

**१३. प्रश्न तथा गुनासोको सम्बोधन:**

गाउँपालिकाको सार्वजनिक सुनुवाईमा उठेका गुनासाहरुको वडाध्यक्ष, शाखा प्रमुख , प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिका अध्यक्षले सम्बोधन र प्रतिबदता सहित समापन गर्नु भएको थियो ।

**१४. गुनासाहरु:**

- सामाजिक सुरक्षा भत्ताको वितरण वडाबाट गर्नु पर्ने ।
- वर्थिङ सेन्टरमा पुरुष कर्मचारी भएको ।
- कामको समिक्षा नगरिएको ।
- शिक्षाको भवन निमार्णका सन्र्दभमा जिज्ञासा ।
- बिधुत तथा खाने पानीको समस्या ।
- वडाको भुगोल तथा असहजताको समस्या ।
- पालिकाको आर्थिक खर्च प्रगती न्युन भएको ।

- मोटर बाटोमा नाला बनाइ १२ महिन मोटरा चल्ने गराउनु पर्ने ।
- पर्यटन प्रबर्द्धनमा जोड दिनु पर्ने ।
- पुल निर्माणका लागि पहल गर्नु पर्ने ।
- बाल बिबाह, लागु औषध नियन्त्रण सम्बन्धि कार्यक्रम संचालन गर्नु पर्ने ।
- गाउपालिकामा सोधपुछ कक्षको व्यवस्थापन ।
- वास्तवीक किसानको पहचिान गरि अनुदान दिनस पर्ने ।

यस्तै सवालमा नागरिक तथा राजनितिक दलले जिज्ञासा तथा गुनासाहरु राखेका थिय भने जवाफदेहि वक्ताहरु मार्फत सम्वोधन सहति प्रतिबदता जाहेर भएको थियो ।

## १५. बार्षिक सार्वजनिक सुनुवाईका लागि जनशक्ति विवरण

| क्र. सं | नाम | ठेगाना | जिम्मेवारी |
|---|---|---|---|
| १ | तिलकराज वली | सल्यान | व्यवस्थापन |
| २ | सन्तोष घर्ती | सल्यान | सहजिकरण |
| ३ | केबी गुरुङ | रोल्पा | भिडियो छाँयाँकन, सम्पादन |
| ४ | सिबा डांगी | सल्यान | बहिर्गमन अभिमत संकलन |

## १६. कार्यक्रमका सबल पक्षहरु:

क) गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, कार्यपालिका सदस्य लगायत अन्य जनप्रतिनिधी, विषयगत शाखा प्रमुखहरुको सहभागितामा कार्यक्रम संचालन गरिएको ।

ख) हाल सम्मको गाउँपालिकाको प्रगति समिक्षा र भौतिक तथा बित्तीय प्रगति प्रस्तुत गरिएको ।

ग) नागरिकहरुले गरेका प्रश्नहरुको जवाफदेही वक्ताहरुबाट चित्त बुझ्दो जबाफ दिईएको ।

घ) स्वतन्त्र सहजकर्ताको माध्यमबाट सार्वजनिक सुनुवाई संचालन भएको ।

ङ) जनप्रतिनिधिहरुसँग र विषयगत शाखाका जवाफदेही वक्ताहरुसंग सर्वसाधारण नागरिकहरुले हाक्काहाकी प्रश्नोत्तर गरेका ।

च) नागरिकको सहभागीता बृद्धिको लागि सार्वजनिक सुनुवाई सम्बन्धि सुचना सञ्चाल माध्यम र समाजिक सञ्जालबाट प्रशारण तथा प्रकाशन गरिएको ।

छ) एफएम रेडियोतथा सामाजिक सञ्जालाट प्रत्यक्ष प्रशारण संगै कार्यक्रमको भिडियो समेत छायांकन गरी युट्युव लगाएत विभिन्न माध्यमबाट प्रशारण गरिएको ।

ज) बर्हिगमन अभिमत प्रस्तुत गरिएको ।

## १७. सुधार गर्नुपर्ने पक्षहरु :

क) समय पर्याप्त राखी कार्यक्रमको प्रचार प्रशारमा ध्यान दिनु पर्ने ।

CamScanner

ख) गाउँसभाका सबै जनप्रतिनिधिहरुलाई अनिवार्य सहभागी गराउनु पर्ने ।
ग) पर्चा पम्प्लेट तयार गरी वडा तथा बस्ती स्तर सम्म प्रचार प्रसार गर्न सके प्रभावकारी हुने ।
घ) वडा स्तरमा समेत नियमित रुपमा सार्वजनिक सुनुवाई संचालन गर्नुपर्ने ।

## १८.समस्याहरु :

क) जनप्रतिनिधी र कर्मचारीहरु सत प्रतिशत उपस्थितीको नभएको
ख) सहभागीता बृद्धिको लागि सामुदायीक संस्थाहरु तथा सबै सरोकारवालाहरुलाई पत्रचार गर्न नसकिएको, सार्वजनिक सुचनालाई मात्रै मुख्य आधार बनाइएको ।

## १९. कार्यक्रमको निष्कर्ष:

कालिमाटी गाउँपालिकाको काम कारबाही, सेवा प्रबाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्वन्धित सेवा प्रदायक र सेवाग्राही बीच हाक्काहाक्की प्रश्नोत्तर गराउने उद्देश्यले आयोजना गरिएको सार्वजनिक सुनुवाई प्रभावकारी रहेको थियो । कार्यक्रममा सहभागिहरुले विभिन्न विषयमा प्रश्न, चासो र जिज्ञासा सहित सुझाव दिएका थिए ।

सार्वजनिक सुनुवाईमा स्थानीय नागरिकहरुको उल्लेख्य सहभागीता थियो । सहभागी नागरिकहरुले गाउँपालिकाले निरन्तर सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्न सुझाव दिएका थिए । नियमित रुपमा सार्वजनिक सुनुवाई गर्न सके विकास निर्माणमा पारदर्शीता र जवाफदेहिता बृद्धि हुने देखिन्छ । यसरी सञ्चालन हुने सार्वजनिक सुनुवाई कार्यक्रममा विभिन्न सरोकारवाला निकाय र नागरिकको उपस्थिति बृद्धि संगै वडा स्तरमा समेत सार्वजनिक सुनुवाई कार्यक्रम नियमित गर्न सक्दा कार्यक्रमको प्रभावकारीता अझै बढ्ने देखिन्छ ।

**धन्यवाद ॥**